सुगीनामिकु

ネパール語




# कोरोना भाइरस खोपको सूचना

01G-50

खोपको लागत
(रकम /पैसा)
सित्तैमा (पैसा नलाग्ने)
सबै रकम सार्वजनिक खर्च
(सरकारले व्यहोर्ने)

यो सूचना कोरोना भाइरस खोपको बारेको सूचना तथा जानकारी हो।
यो खोप आफ्नो इच्छा अनुसार लिन सकिन्छ।
कृपया यो सूचना र「A4 मा लेखिएको (म्यानुअल)」अवश्य पढ्नु होस् ।
खोप लिन चाहनु भएका महानुभावले कृपया नाम दर्ता (रिजर्वेसन) गर्नुहोस्।

यो सूचना 65 बर्ष वा सो भन्दा माथि उमेरका महानुभावलाई (1957 साल अप्रिल 1 तारिख भन्दा पहिले जन्मिएका) लाई पठाइएको छ।

※यो सूचना , 「75 बर्ष वा सो भन्दा माथिकालाई」 (अप्रिल 23 मा पठाइएको) र 「65 देखि 74 वर्षका लाई」 ( मे 6 मा पठाइएको) ( दुबै 2022साल मार्च 31 तारिख सम्मको उमेरमा आधारित )लाई क्रमिकरुपमा पठाउदैछौं । 64 बर्ष वा सो भन्दा कम उमेरका लागि फेरि सूचना प्रकाशित गरिने छ ।

हाल, सरकारबाट आपूर्ति गरिएको खोपको मात्रा कम छ, र नाम दर्ता(रिजर्वेसन) गर्न गाह्रो हुन सक्छ। खोप लिन चाहने महानुभाव सबैलाई खोप लिन पाउने गरि खोप को आपूर्ति गर्ने योजना /लक्ष्य छ।
असुविधाको लागि माफी चाहन्छौं, तर कृपया सुनिश्चित/ढुक्क हुनुहोस्।

## खोप लिने अवधि

**2021 साल मे 17 तारिख देखि**

## खोपको लागत (रकम /पैसा)

**सित्तैमा (पैसा नलाग्ने )**

## खोप दिने तरिका (फाइजर भ्याक्सिनको मामलामा)

पहिलो पटकको लागि नाम दर्ता (रिजर्वेसन) → पहिलो पटक खोप लिने → दोस्रो पटकको लागि नाम दर्ता (रिजर्वेसन) → दोस्रो पटक खोप लिने → खोप समाप्त(खोप लिन सकियो )

पहिलो र दोस्रो खोप बीच
3 हप्ता हुनु पर्ने

कृपया टी-शर्ट जस्ता पाखुरा निकाल्न
सजिलो लुगा लगाएर आउनु होस्।



## नाम दर्ता (रिजर्वेसन)गर्ने तरिका

इन्टर्नेटबाट नाम दर्ता (रिजर्वेसन) (24 घण्टा दर्ता गर्न मिल्ने) अप्रिल 30 तारिखको बिहान ९ बजे देखि नाम दर्ता (रिजर्वेसन) शुरु हुन्छ,स्मार्ट फोन तथा कम्प्युटर आदिबाट, सम्बन्धित पेजमा एक्सेस गर्नुहोस्।

・URL https://www.vaccine-info-suginami.org

**फोनबाट नाम दर्ता (रिजर्वेसन)तथा परामर्श** सुगीनामीकु कोरोना खोप कल सेन्टर

☎0570-666-542 बिहान 9बजे~ बेलुका 5 (शनिबार, आइतवार र सार्वजनिक बिदा सहित)

## खोपको लागि आवश्यक कुरा

①कुपन (खोपको कुपन )

(खोपको कुपन र खोप प्रमाणपत्र दुई वटैलाई एक सेट गरीएको छ। कृपया यसलाई नछुट्टयाईकन लिएर आउनु होस् ।)

②विवरण फाराम (आफ्नो बारेमा लेख्ने कागज )

(कार्बन पेपर राखिएको (2 पाना लेखिने) 2 प्रति संलग्न छन्। प्रत्येक खोपका लागि एक प्रति चाहिन्छ, खोप लिन जाने दिन मोटो लाईन (बाक्लो फ्रेम) भएको ठाउँमा नछुट्टिने गरि लेखि खोप लिने ठाउँ मा लिएर जानु होस्।

③आफ्नो परिचय पत्रहरू

(सवारी चालक इजाजतपत्र, स्वास्थ्य बीमा कार्ड, सार्वजनिक कार्यालय द्वारा जारी प्रमाणपत्र, आदि)

## खोप लिने ठाउँ

(खोप लिने ठाउँका बारेमा, भविष्यमा थपिने सम्भावना छ, र साथै परिवर्तन पनि हुन सक्छ।)

| | |
|---|---|
| मोमोई हाराप्पा पार्क (अस्थायी भवन) | मोमोई 3 – 8 – 1 |
| आसागाया खोप विशेष स्थान | आसागाया मिनामी 2 – 1 4 – 9 |
| पहिलाको वाकसुगी स्योउ टाईइकुखान | आमानुमा 3 – 1 5 – 2 0 |
| होरिन्काकु | वाडा 2 – 8 – 3 6 (शनिवार, आइतवार र सार्वजनिक बिदा सहित) |
| सेसिओन सुगीनामी | उमेजाटो 1 – 2 2 – 3 2 (शनिबार, आइतवार, र बिदा सहित) |

※नाम दर्ता (रिजर्वेसन)गरेको समयमा बाहेक,खोप लिन पाईन्दैन। खोप लिने ठाउँमा समयमै आइपुग्नु होस्।
※खोप लिने ठाउँमा,आउने बेला सामान्य नियम अनुसार,सार्वजनिक यातायात प्रयोग गरि आउनु होस्।
होरिन्काकुमा ,गाडीबाटआउन सकिन्छ।

※सामान्य नियम अनुसार, निवासी कार्ड(ज्युमिन्हयोउ ) भएको स्थानीय निकाय (आफु बस्ने ठाउँमा) मा खोप दिइनेछ। अति बिशेष कारणबस ,आफु बस्ने ठाउँ (ठेगाना)मा खोप लिन नसकेको खण्डमा ,खोप लिने वार्ड, शहर वा गाउँमा पहिले नै सूचना दिई खोप लिन सकिन्छ। आवेदन दिने तरिकाको बारेमा ,सुगीनामी कु को होम पेजमा हेर्नु होस्।
※अस्पताल तथा वृद्राश्रममा भर्ना भई राखेका महानुभावहरुलाई सोही भर्ना भएको ठाउँमा नै खोप लिन सकिने छ। भर्ना भएको ठाउँमा (संस्था) मा परामर्श तथा सोधपुछ गर्नु होस्।

**कोरोनाको खोपको बारेमा झुठो बोलेर धोखा दिने ठगिबाट सतर्क हुनु होस्।**

**सरकारी निकायले कोरोना भाइरस खोपका लागि रकम (पैसा ) माग्ने गर्दैन (चाहिन्दैन )।**

**कुनै चिन्ता तथा समस्या भएमा, कृपया पुलिस स्टेशन वा उपभोक्ता केन्द्रमा सम्पर्क गर्नुहोस्।**

कोरोना खोप ठगि उपभोक्ता हटलाइन ☎0120–797–188
पुलिस परामर्श फोन #9110

सुगीनामिकु स्वास्थ्य केन्द्र कोरोना भाइरस खोप